गंगादेव गाउपालिका स्तरिय वार्षिक परीक्षा २०८२

कक्षाः५ | समयः २ घण्टा | पूर्णाङ्कः ५०
विषयः नेपाली | उत्तीर्णाङ्कः १७.५

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस्। २**

(कर्मभूमि, प्राणायाम, बुद्धिचाल, प्रशिक्षक)

(क) विभिन्न चालमा चालिने एक खेल, चेस...............।

(ख) श्वासप्रश्वासको गतिलाई नियमित बनाउने क्रिया...............।

ग) कुनै विषयमा तालिम दिने व्यक्ति................।

घ) काम गर्ने ठाउँ.........................।

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् २**

(क) 'रगत'को सानो रूप बुझाउने शब्द................ हो। (धारा, थोपा, आहाल)

(ख) 'अगाडि' को उल्टो अर्थ दिने शब्द ............ हो। (पर, वर, पछाडि)

ग) 'धर्ती'को उस्तै अर्थ दिने शब्द............. (आकाश, पृथ्वी,पानी)

घ) 'गोरखापत्र'को सङ्क्षिप्त शब्द.............. हो। (गोखा, गो. प., गो.त्र.)

**३. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस्। ३**

रङ्गशाला, फुटबल, पानी

**४. शुद्ध शब्द छानेर लेख्नुहोस्। १**

(क) विश्वास, विश्वास, बिश्बास, विश्वास

ख) सन्देश, सन्देश, संदेश, सहदेश

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस्। २**

दिदिले मलाई सुन्दर बगैंचामा लिएर जानुभयो।

**६. तल दिइएको रेखाकृकित शब्दको पदवर्ग छुट्याउनुहोस्ः २**

<u>हामी</u> सधै <u>असल</u> मानिस <u>बन्नुपर्छ</u>।

**७. जोडा मिलाउनुहोस्। २**

| | |
|---|---|
| क्रियायोगी | किनभने |
| निपात | ऐया ! |
| संयोजक | सँग |
| नामयोगी | मुसुक्क |
| | लौ |

**८. उपयुक्त विभक्ति राखी खाली ठाउँ भर्नुहोस्। २**

(क) म ट्याक्सी....................... सुकाओडार गएँ। (मा, बात, लाई)

(ख) सिता हात................... कपडा धुन्छिन्। (ले, मा, लाई)

(ग) तिमीले हरी................... भेट्यो। (ले, लाई बाट)

(घ) तपाई घर.................। जानुहुन्छ। देखि, को, मा)

**९. दिइएको सङ्केतका आधारमा वाक्य परिवतर्ण गर्नुहोस्। ४**

(क) भाई गित गाउँछ। (भूत काल)

(ख) तिमी बजार जाने हो। (वर्तमान काल )

(ग) दिदी आप टिप्नुहुन्छ। (भविष्यत् काल')

(घ) त समयमा आउनेछस्। (भूत काल)

**१०. दिइएका वाक्यलाई सङ्गति मिलाई लेख्नुहोस्। ५**

(क) म बजार जान्छ।

(ख) ऊ सामान किन्छु।

(ग) उहाँ विद्यालय गयो।

(घ) तपाई समयमा उठ्छु।

ङ) म भनेका कुरा मान्ने छन्।

**११. दुवै प्रश्नको उत्तर, लेख्नुहोस्। ४+४=८**

**(क) दिइएको कथाको अंश पढनुहोस र उत्तर लेख्नुहोस्।**

योजना बमोजिम पृथ्वीनारायणले नुवाकोटमाथि आक्रमण गरे। पहिलो आक्रमणमै उनले पराजय भोग्नुपर्यो। नुवाकोटमै हार, खाइसकेपछि कान्तिपुरतिर उनले कसरी आँखा लगाउन सक्थे र उनमा चिन्तामाथी चिन्ता थपियो। यस हारले उनी घाइते सिंह झै रन्थनिदै बिसेको आँगनमा टेक्न आइपुगे बिसे आँगनमा फाटेको सुरुवाल टासेर बसिरहेको थियो। उसले आफ्ना आँगनमा राजालाई देख्यो। उसलाई पहिले त पत्याउन मुस्किल पर्यो। सपना झै लाग्यो। जब राजा नजिक आइपुगे तब ऊ अभिवादनका लागि उठ्यो। उसले हतार हतार आँगनमा लडिरहेको ओखल घोप्ट्यायो। ओखलमाथि मुकुल विछ्यायो। राजाका लागि आसन तयार भयो।

प्रश्न

अ) पृथ्वीनारायणले किन कान्तिपुरतिर आँखा लगाउन सकेनन ?

(आ) पृथ्वीनारायण किन बिसेको आँगनमा पुगे ?

(इ) पृथ्वीनारायण पुग्दा बिसे के गर्दै थियो ?

ई) बिसेले पृथ्वीनारायणलाई बस्ने आसन कसरी तयार पार्यो ?

**(ख) दिइएको कविताको अंश पढ्नुहोस र उत्तर लेख्नुहोस् ।**

म रङ्गीचङ्गी छु वसन्त छोरी
म जन्मिएँ कोकिनले कराई
झुसिल्किराको सपना सिंगारी
दिए पखेटा प्रभुले मलाई ।

(अ) यहाँ कुन समयको वर्णन गरिएको छ ?

(आ) कोकिन कुराउँदा के हुन्छ ?

(इ) झुसिल्किराको सपना के थियो ?

ई) माथिको पङ्क्तिमा कस्तो भाव व्यक्त गरिएको छ ?

**१२. कुनै एक उद्धरणको आशय वर्णन गर्नुहोस् । ४**

(क) सिंगारिएका, कृति रङ्ग जाति
धुलो सुनौलो दुई पङखमाथि

(ख) अब यस्तो कहिले गर्दिन् । लोभले लाभ लाभले विलाप हुने रहेछ ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् । ४**

(क) आफू घुमेको ठाउँको बारेमा वर्णन गर्दै साथिलाई चिठी लेख्नुहोस्।

(ख) जन्मदिनको अवसरमा साथीलाई दिइने शुभकामना सन्देश तयार पार्नुहोस् ।

**१४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ४**

(क) दिइएका बुदाँका आधारमा मिल्दो शिर्षक दिई कथा लेखनुहोस् ।

एउटा सानो काठको पुल हुनु...........पुलमा बार नहुनु....... घमण्डी भेडो र बलियो बाखा, पुलमा पुग्नु...........एकले अर्कालाई बाटो छोड्न धम्की दिनु ............दुवैले बाटो छोड्न नमान्नु निरन्तर लडिरहनु............. दुवैका सिङ भाँचिएर रगताम्य हुनु....... खोलामा खसेर दुवै मर्नु .............घमण्डले मृत्युलाई निम्त्याउने सन्देश ।

(ख) 'स्वस्थ जीवनशैली' शीर्षकमा दुई जना बिचको संवाद पुरा गर्नुहोस् ।

<u>स्वस्थ जीवनशैली</u>

यामा : ए नबिन ! मलाई एउटा कुरा सोध्न मन थियो ।

नविनः भन न मैले जानेको कुरा त भन्छु नि ।

यामाः स्वस्थ जीवनशैली भनेको के हो ?

नविनः स्वस्थ भनेको तन्दुरुस्त हो। जीवनशैली भनेको हाम्रो बाँच्ने तरिका हो ।

यामाः...........................

नविनः...............................................

यामाः................................

नविनः...............................

यामाः.............................

नविनः...................................

यामाः................................

नविनः.............................

**१५. कुनै एक शीर्षकमा १०० शब्द नहघटाइ निबन्ध बेरन्नुहोस् ।५**

(क) मेरो विद्यालय

(ख) खेलकुदको महत्व

(ग) मेरो जीवनको सपना

समाप्त